कारोबार
karobardaily.com
मंगलबार, १ पुस २०८२
TUESDAY, 16 DECEMBER 2025

# नेपाल एसबिआई बैंक लिमिटेड
# NEPAL SBI BANK LTD.

प्रधान कार्यालय: कमलादी, काठमाडौं, फोन: ०१-५९७०३३३

## बत्तीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२५ गते)

**शेयरधनी महानुभावहरु,**

यस बैंक संचालक समितिको मिति २०८२ मंसिर ८ गते बसेको ५३७औं बैठकको निर्णय बमोजिम यस बैंकको बत्तीसौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएकोले बैंकका शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मितिः** २०८२ साल पौष १८ गते तदनुसार २ जनवरी २०२६, शुक्रबार।
**स्थानः** त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं।
**समयः** बिहान ११ बजे।

**बैंकको ३२औं वार्षिक साधारण सभाको छलफलको विषयसूचीः**

**क) सामान्य प्रस्तावः**

१. आ.व. २०८१/८२ का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरण (२०८२ असार मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने।
३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी स्वीकृत गर्ने।
४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ५४४,९५७,९०३.४० बराबर (चुक्ता पुँजीमा ५ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने।
५. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
६. सर्वसाधारण शेयरधनी समूहको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने।
७. विविध (अध्यक्षज्यूको अनुमतिमा)।

**ख) विशेष प्रस्तावः**

१. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ४३५,९६६,३२२.७२ बराबर (चुक्ता पुँजीमा ४ प्रतिशतका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।
२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको जारी तथा चुक्ता पुँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्रका विभिन्न दफामा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।
३. बैंकले आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. १६,५७०,१०५.८४ कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो खर्च अनुमोदन गर्ने।
४. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानुन बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने।
५. प्रबन्धपत्रका प्रस्तावित संशोधनहरुमा नियामक निकायहरुको निर्देशन बमोजिम परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने।
६. विविध (अध्यक्षज्यूको अनुमतिमा)।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**